CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

## आर्थिक वर्ष २०७८ /०७९ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको २०२१ सेप्टेम्वर ३० मा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

१. **वित्तीय विवरण :-**

(कम्पनीको हिसाब किताब इ.स.(अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुँदा आर्थिक वर्ष २०७८/०७९(२०२१/२०२२) को १६ जुलाई २०२१ देखि ३० सेप्टेम्वर २०२१ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक बर्ष २०७८/०७९ अर्न्तगत कम्पनीको ३० सेप्टेम्वर २०२१ मा समाप्त भएको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरणहरू अनुसूचि १ मा प्रस्तुत गरिएको छ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधि, ३० सेप्टेम्वर २०२१ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणहरूका प्रमुख वित्तीय अनुपातहरू :-

| विवरण | प्रथम त्रैमासिक अवधि ३० सेप्टेम्वर २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि १५ जुलाई २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत बर्षको त्रैमासिक अवधि ३० सेप्टेम्वर २०२० को अन्त्यमा (लेखापरीक्षण नभएको ) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | २.२० | २.१४ | १.८२ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | (०.०४) | (०.२२) | (०.०८) |
| प्रति शेयर आम्दानी (रु) | (२.५२) | (१६.५५) | (६.४६) |
| प्रति शेयर नेटवर्थ (रु) | ७१.८२ | ७४.३५ | ८३.१९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३८.७५ | २४२.८४ | २७६.८१ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १२८७ | १५०५ | – |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | (५०९.८९) | (९०.९५) | – |
| चालु अनुपात | २.५० | २.६६ | ०.६५ |

२. **व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक समीक्षा अवधिको पहिलो महिनामा नेपाल सरकारबाट मिति २०७८ वैशाख १६ गतेबाट कोभिड – १९ संक्रमणको दोस्रो लहर नियन्त्रण तथा रोकथामका लागि काठमाडौं उपत्यकामा जारी निषेधाज्ञाको आदेशमा केही खुकुलो बनाई आर्थिक क्रियाकलापहरू संचालन तथा आवतजावमा केही सहजता प्रदान गरियो साथै समिक्षा अवधिको अन्तिम सम्ममा निषेधाज्ञा पूर्ण रुपमा हटी निर्देशनात्मक आदेश जारी भयो। यसबाट कम्पनीको ठप्प रहेको आर्थिक प्रशासनिक क्रियाकलापहरू क्रमिक रुपमा संचालनमा आउन शुरु भयो।

(ख) समीक्षा अवधिमा अर्न्तराष्ट्रिय हवाई उडानहरू क्रमिक रुपमा संचालनमा आउन शुरु भयो। यसबाट विदेशी पर्यटकहरूको आवागमनमा सहजता प्रदान भयो साथै बन्द रहेका अर्न्तराष्ट्रिय नाकाहरू समेत खुला भए पश्चात स्थलमार्गबाट नेपाल भित्रिने भारतीय पर्यटकहरूको चहलपहलमा सुधार हुदै गएको छ। यसको प्रत्यक्ष प्रभाव कम्पनीको आयमा देखिन्छ।

(ग) आर्थिक वर्ष ०७८/०७९ को प्रथम त्रैमासिक समीक्षा अवधिको अन्त्य अर्थात ३० सेप्टेम्वर २०२१ सम्मका वित्तिय विवरणहरू अघिल्लो आर्थिक वर्षको सोही अवधिसँग तुलनात्मक रुपमा विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा ९५ प्रतिशतले बृद्धि भएको छ। जुन कोरोनको प्रभाव प्रश्चातको चलायमान भएको आर्थिक, सामाजिक क्रियाकलापको प्रत्यक्ष प्रभावको परिणाम हो।

(घ) कम्पनीको व्यवस्थापन तथा संचालन नेतृत्वको रणनीतिक व्यवस्थापन, प्रतिकूल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रर्दशन गर्ने व्यवस्थापकीय निपूर्णता, व्यवसायिक दक्षता तथा क्षमता, कर्मचारीहरूको पूर्ण सहयोग र समर्थनको कारण कम्पनीलाई शून्यताको अवस्थाबाट बचाई आर्थिक चलायमानको अवस्थालाई कायम गरिएको छ। तद्अनुरुप कम्पनीबाट सम्पूर्ण कर्मचारीहरूलाई कोरोना विरुद्धको खोप लागाउने कार्य भई , स्वास्थ्य सम्बन्धी मापदण्डहरूलाई पूर्ण रुपमा पालना गराई, कर्मचारीहरूमा एक प्रकारको उच्च मनोवल प्रदान गरि आफ्नो क्रियाकलापहरू संचालनमा ल्याएउने काम भयो। साथै खर्चहरूमा अपनाइएका मितव्ययीता खर्चमा कटौतीका लागि अपनाइएका रणनितिहरूका सकारात्मक प्रभाव कम्पनीको घट्दो प्रशासनिक खर्चको तथ्याङ्कले समेत पुष्टि हुन्छ।

(ङ) कोरोनाको कहरबाट केही सहजता महसुस भई नेपाल सरकारबाट समेत निशेधाज्ञाको रणनितिलाई परिवर्तन गरे पश्चात को अवस्थामा कम्पनीमा भ्रमणका लागि आउने तथा रिसोर्टमा रात विताउन आउने स्वदेशी पर्यटकहरूको सङ्ख्यामा उल्लेखनिय सुधार भएको , जसको कारणबाट कम्पनीको आय आर्जनमा बृद्धि भएको छ।

(च) कम्पनीबाट भ्रमणमा आउने पर्यटकहरूको मनोरन्जनका लागि जिपलाईनको सुरुवात समेत गरेको छ र यसबाट कम्पनीको प्रचार प्रसार तथा आय आर्जनमा समेत राम्रो प्रभाव छ।

(छ) समिक्षा अवधिमा कम्पनीमा भएका विशिष्ट पाहुनाहरूको अनौपचारीक भ्रमण तथा बसाईले समेत जनमानसमा कम्पनी प्रतिको विश्वासमा सकारात्मक प्रभाव परेको।

(ज) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीहरूको साँवा ब्याज निर्धारित समयमा भुक्तानी गरिएको छ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को आश्विन मसान्त सम्म को अन्त्य भएको पहिलो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| त्रैमासिक आ.व.२०७८/०७९ (२०२१/०२२) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०७८ आश्विन मसान्त) | २,८०० | १५९ | १,२८७ | ६६ | ३९,६०३ | ११,९१,२२५ |

५. **समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरू :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

**(आ) वाह्य**

१. विश्वव्यापी रुपमा तिव्रतर गतिमा प्रभाव पारेको कोभिड – १९ को प्रतिकूल असर तथा हालसम्म कायम रहेका भ्रमणप्रतिको बन्देज।
२. पर्यटन भौतिक पूर्वाधारको विकासको कमी।
३. अप्रत्याशित रुपमा राष्ट्रिय स्तरमा घोषणा हुने निर्णयहरू र यसबाट पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव।
४. पर्यटकहरूको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा अर्न्तराष्ट्रिय स्तरमा जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरूबाट पर्ने प्रभावहरू।
५. उर्जा, विद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित मूल्य बृद्धि, उपभोग्य पदार्थको मुल्यवृद्धि र श्रम समस्याहरूबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरू।
६. देशमा अचानक आईपर्ने असहज परिस्थितिहरू, प्राकृतिक तथा दैवी विपद तथा प्रकोपहरूको प्रभाव।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन।

**(ख) रणनीति :**

कोरोनाभाईरस संक्रमणको कोलाहल पश्चातको अवश्थामा कम्पनी प्रति आम जनमानस बाट प्रश्तुत गरिएको सकारात्मक शोच तथा कम्पनीको व्यवस्थापनको कुशल कार्यकुशलता तथा समय सापेक्ष रणनितिका परिणाम स्वरुप कम्पनीको भ्रमणमा आउने पर्यटकहरूको कमिक बृद्धि एवं रिर्सोटमा बास बस्न तथा कार्यक्रम संचालन गर्न आउनेहरूको उल्लेख्य संख्याले कम्पनीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूमा सकारात्मक प्रभाव परेको छ। कम्पनीले व्यवसायिक गतिविधिमा बृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामाना गर्नुपरेको अवस्थामा पनि भ्रमणमा आउने तथा रिर्सोटमा बस्न आउने पाहुनाहरूलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, संरचनाका सेवा तथा सुविधा सम्बन्धी भौतिक पूर्वाधारको स्तर बृद्धि गर्ने तथा व्यवसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरूको समुचित सदुपयोग गर्दै कम्पनीको संचालन न्युनतम खर्चमा गर्ने, कम्पनी संचालनार्थ सम्बन्धित खर्चको मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई समेत कटौती गर्दै कम्पनीलाई अनुकूल वातावरण बनाई आम्दानीमा बृद्धि गर्न बजार व्यावस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिइनेछ।

६. **संस्थागत सुशासन :-**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम संम्बन्धी विवरण :**

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट गरि लेखापरीक्षण गराउने गर्दछ , लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरूको पूर्ण पालना गर्दछ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

**अनुसुची १**

**CHANDRAGIRI HILLS LIMITED**
**Kathmandu, Nepal**
**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**AS ON 30th Septemeber 2021**

| | Particular | Upto this Quarter ending on 30th September 2021 (Unaudited) | Upto Previous Quarter ending on 15th July 2021 (Unaudited) | Corresponding Previous Year Quarter ending on 30th September 2020 (Unudited) |
|---|---|---|---|---|
| I | **ASSET** | | | |
| | **Non-Current Asset** | | | |
| | (a) Fixed Asset | | | |
| | (i) Property, Plant and Equipment | 3,063,470,778 | 3,088,954,356 | 3,115,900,194 |
| | (ii) Intangible Asset | 5,008,814 | 5,258,814 | 4,814,564 |
| | (ii) Capital Work in Progress | 15,948,737 | 15,369,812 | 14,759,738 |
| | (b) Long term Investment | 209,300,000 | 209,300,000 | 194,900,000 |
| | Deferred tax asset | 30,453,649 | 30,453,649 | 30,453,649 |
| | **Total of Non- Current Asset** | **3,324,181,978** | **3,349,336,632** | **3,360,828,145** |
| | **Current Assets** | | | |
| | (a) Inventories | 19,137,960 | 23,756,966 | 23,141,965 |
| | (b) Account Receivables | 20,110,396 | 16,578,392 | 18,080,716 |
| | (c) Cash & Cash Equivalent | 72,418,025 | 98,692,617 | 55,341,882 |
| | (d) Loans & Advances | 119,756,536 | 133,932,207 | 164,901,442 |
| | (e) Other Current Assets | 107,005,318 | 103,092,957 | 114,698,895 |
| | **Total of Current Asset** | **338,428,236** | **376,053,139** | **376,164,900** |
| | **Total Asset** | **3,662,610,214** | **3,725,389,771** | **3,736,993,045** |
| II | **EQUITY & LIABILITIES** | | | |
| 1 | **Equity, Reserve and Surplus** | | | |
| | (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,350,000,000 |
| | (b) Calls In Advance | - | - | - |
| | (c) Reserve and Surplus | (432,281,725) | (393,560,161) | (226,877,182) |
| | **Total Equity, Reserve and Surplus** | **1,101,809,275** | **1,140,530,839** | **1,123,122,818** |
| 2 | **Non- Current Liabilities** | | | |
| | (a) Long-term borrowings | 2,425,327,949 | 2,443,573,064 | 2,038,714,982 |
| | (b) Deferred Tax Liabilites | | | - |
| | **Total of Non-Current Liabilities** | **2,425,327,949** | **2,443,573,064** | **2,038,714,982** |
| 3 | **Current Liabilities** | | | |
| | (a) Short Term Borrowing | - | - | 238,388,083 |
| | (b) Duties & Taxes | 1,544,455 | 3,958,981 | 10,055,314 |
| | (c) Account payable | 27,335,336 | 30,934,437 | 60,877,960 |
| | (d) Other Current Liabilities | 106,593,199 | 106,392,450 | 265,833,889 |
| | **Total of Current Liabilities** | **135,472,990** | **141,285,868** | **575,155,246** |
| | **Total Equity and Liabilities** | **3,662,610,214** | **3,725,389,771** | **3,736,993,045** |

**Statement of Profit & Loss for the period ended on 30th September 2021**

| Particulars | Upto this Quarter ending on 30th September 2021 (Unaudited) | Upto Previous Quarter ending on 15th July 2021 (Unaudited) | Corresponding Previous Year Quarter ending on 30th September 2020 (Unudited) |
|---|---|---|---|
| Revenue from Operation | 81,570,283 | 221,578,437 | 4,420,517 |
| Cost of sales | 22,115,145 | 34,833,829 | 1,130,922 |
| **Gross Income** | **59,455,138** | **186,744,608** | **3,289,595** |
| Other Income | 103,519 | 6,702,766 | 296,461 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 10,725,801 | 48,352,345 | 6,663,395 |
| Administrative and Other Expenses | 11,574,113 | 70,833,870 | 12,234,988 |
| Depreciation and Amortization Expenses | 28,125,000 | 130,000,000 | 22,499,999 |
| **Total Expenses** | **50,424,914** | **249,186,214** | **41,398,382** |
| **Profit/loss from Operation** | **9,133,742** | **(55,738,841)** | **(37,812,327)** |
| Finance costs | 47,855,308 | 198,103,936 | 49,347,471 |
| **Profit before extra ordinary items and taxes** | **(38,721,566)** | **(253,842,776)** | **(87,159,798)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | - | | |
| **Profit (Loss) for the period from continuing operations** | **(38,721,566)** | **(253,842,776)** | **(87,159,798)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **(38,721,566)** | **(253,842,776)** | **(87,159,798)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | (2.52) | (16.55) | (7.90) |
| Diluted Earning per share | (2.52) | (16.55) | (7.90) |